स्थानीय सरकार
LOCAL GOVERNMENT
# सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना, रुपन्देही
FARENA, RUPANDEHI

लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स./Ref No. २०८२/०८३
च.नं./Dispatch No.

मिति: २०८३/०४/०१

**आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना।**

भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० उपदफा (१) तथा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १०८ प्रथम स्थानीय सेवा नियमावली २०८१ को नियम १३७ मा व्यवस्था भए बमोजिम आ.व. २०८२/०८३ मा सेवा निवृत भएका कर्मचारीहरु समेत आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत र निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी प्रावधान भएकोले यस गाउँपालिका अन्तर्गतका सम्पुर्ण जनप्रतिनिधीहरु र कार्यरत रहेका सम्पुर्ण कर्मचारीहरु आ.व. २०८२/०८३ को आ-आफ्नो सम्पत्ति विवरण भरी २०८३ सालको साउन मसान्त भित्र अनिवार्य रुपमा दर्ता गराई यस कार्यालयको प्रशासन शाखामा बुझाउनहुन सबैमा सूचित गरिन्छ।

समयमै सम्पत्ति विवरण बुझाउन छुट भएमा सोको जिम्मेवार स्वयम् जनप्रतिनिधी र कर्मचारी हुने व्यहोरा समेत यही सूचना मार्फत जानकारी गराईन्छ। साथै सम्पत्ति विवरण बुझाउँदा खामको बाहिर देहाय बमोजिमको ढाँचामा विवरण खुल्ने गरि उल्लेख गर्नुहुन अनुरोध छ।

**सम्पत्ति विवरणको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण**

(आ.व. २०८२/०८३ को सम्पत्ति विवरण)

**कर्मचारीको हकमा**
१. कर्मचारी संकेत नं.
२. नाम थर:
३. पद दर्जा:
४. सेवा समुह:
५. श्रेणी समुह:
६. कार्यरत कार्यालय:
७. सम्पर्क नं.
८. इमेल ठेगाना:

**शिक्षकहरुको हकमा**
१. शिक्षक संकेत नं.
२. नाम थर:
३. तह:
४. श्रेणी:
५. कार्यरत विद्यालयको नाम:
६. कार्यरत विद्यालयमा हाजिर भएको मिति:
७. कार्यरत प्रदेश:
८. कार्यरत जिल्ला:
९. कार्यरत स्थानीय तह
१०. सम्पर्क नं.
११. इमेल ठेगाना:

**जनप्रतिनिधीहरुको हकमा**
१. नाम, थर:
२. प्रदेश:
३. स्थानीय तहको नाम:
४. हालको पद:
५. वडा नं.
६. सम्पर्क नं.
७. इमेल ठेगाना:

(हस्ताक्षर) २०८३/०४/०१
...रेन्द्र चौधरी थारु
सहायक प्रशासकीय अधिकृत,छैटौं

पुनश्च:
१. वडाका जनप्रतिनिधी तथा कर्मचारीको हकमा वडा सचिव मार्फत एकमुष्ट आईपुग्ने गरी बुझाउनु पर्नेछ।
२. स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुले स्वास्थ्य शाखामा मार्फत एकमुष्ट आईपुग्ने गरी बुझाउनु पर्नेछ।
३. शिक्षकको हकमा शिक्षा युवा तथा खेलकुद शाखा मार्फत आइपुग्ने गरी बुझाउनु पर्नेछ।